नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
हरिहरभवन, ललितपुर

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रेश विज्ञप्ती

## मिति २०७५।१२।१४

### १. पृष्ठभूमी

संविधानसभाले मुलुकमा दीगो शान्ति, विकास, सुशासन र समृद्धि प्राप्त गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अपनाएको नेपालको संविधान जारी गरी सो अनुरुप संघ, प्रदेश र स्थानीय तहको गठन भइसकेको र तीनै तहका सरकारलाइ व्यवस्थित रुपमा कार्य सम्पादन गर्न प्रशासनिक पुनंसरचना गर्न संविधानले विशेष व्यवस्था गरेको छ ।सरकारी सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई नेपाल सरकारले कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहमा समायोजन गरी सेवा प्रवाहको व्यवस्था मिलाउन सक्नेछ भन्ने नेपालको संविधानको धारा ३०२ को उपधारा (२) को व्यवस्था अनुसार कर्मचारी समायोजन ऐन, २०७५ जारी भई कर्मचारी समायोजनको कार्य सम्पन्न भएको छ । संविधानको धारा २८५ को उपधारा (१) को व्यवस्था अनुसार नेपाल सरकारले देशको प्रशासन सञ्चालन गर्न संघीय निजामती सेवा र आवश्यकता अनुसार अन्य संघीय सरकारी सेवाहरुको गठन गर्न सक्ने र त्यस्ता सेवाहरुको गठन सञ्चालन र सेवाका शर्त संघीय ऐन बमोजिम हुने तथा सोही धाराको उपधारा (३) को व्यवस्थामा भएको प्रदेश मन्त्रिपरिषद्, गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानून बमोजिम विभिन्न सरकारी सेवाहरुको गठन र सञ्चालन गर्न सक्ने व्यवस्था अनुसार समायोजनको कार्य भएको हुँदा समायोजन पछिको कर्मचारीको व्यवस्थापन तत् तत् तहको कानूनबाट हुनेछ ।

संविधानको धारा २८५ को उपरोक्त व्यवस्था अनुरुप मन्त्रालयले संघीय निजामती सेवा विधेयक संघीय संसद् समक्ष पेश गरिसकेको छ । प्रदेश र स्थानीय तहमा रिक्त पदपुर्ती गर्न तथा उक्त सेवाहरुको व्यवस्थापन गर्न प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी (आधार र मापदण्ड) ऐन, २०७५ संघीय संसदबाट पारित भइसकेको हुँदा प्रदेश लोकसेवा आयोग गठनको लागि मार्गप्रशस्त भएको छ । प्रदेश निजामती सेवा र स्थानीय सेवाको आधारभूत सिद्धान्त तथा मापदण्डसम्बन्धी संघीय कानूनको मस्यौदा तयार भई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा सहमतिको लागि पठाइएको छ । कर्मचारी समायोजन ऐन, २०७५ को दफा १६ र प्रदेश निजामती सेवा र स्थानीय सेवाको आधारभूत सिद्धान्त तथा मापदण्ड सम्बन्धी संघीय कानूनको अधिनमा रही प्रदेश र स्थानीय तहले तत् तत् सेवासम्बन्धी कानून बनाउने नै छन् ।कर्मचारी समायोजन पश्चात संघ, प्रदेश र स्थानीय सेवाका कर्मचारीहरुको सेवा, शर्त र सुविधा सम्बन्धी विषयहरु तत् तत् सेवाका कानूनहरुबाट निर्धारण तथा सञ्चालन हुने नै छन् ।

नेपालको संविधान कार्यान्वयनको क्रममा प्रशासनिक संघीयताको व्यवहारिक अभ्यास कर्मचारी समायोजनबाट भएको व्यहोरा अवगत गराउन पाउँदा मन्त्रालयअत्यन्त हर्षित छ । २०७४ सालमा सम्पन्न तीनै तहको निर्वाचन पश्चात मुलुकमा राजनैतिक संक्रमणकालको अन्त्य भएको भए तापनि प्रशासनिक संयन्त्रभित्र रहेको संक्रमणकाल लम्बिएको कारण मुलुकले अपेक्षित गति लिन सकिरहेको थिएन । नेपालको संविधानमा उल्लेख भए अनुसार राष्ट्रसेवक कर्मचारीहरुलाई संघ,प्रदेश र स्थानीय तहमा समायोजन गर्ने यस कार्यले प्रशासनिक संघीयताको कार्यान्वयन सहज भएको छ । सरोकारवाला सबै पक्षसँगको निरन्तरको सहकार्य, सहमति र प्रयासको सार्थकता स्वरुप राष्ट्रसेवक कर्मचारीहरुलाई संघ, प्रदेश र स्थानीय तहमा समायोजन गर्न सम्भव भएको हो ।

यस अवधिमा मन्त्रालयले सबै सरोकारवाला निकायहरुको संलग्नतामा तर्जुमा गरिएको कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहमाकर्मचारीहरुको दरबन्दी स्वीकृत गर्नुका साथै समायोजनका लागि अनलाइन मार्फत प्राप्त भएका आवेदनहरुको आधारमा ऐनमा उल्लिखित कर्मचारी समायोजनका आधारहरु बमोजिम कर्मचारी समायोजन प्रणाली(सफ्टवेयर) मार्फत समायोजनको कार्य सम्पन्न गरेको छ । सरोकारवाला पक्षहरुसँग मन्त्रालयले गरेका विभिन्न प्रतिबद्धता र सहमतिहरुलाई मन्त्रालयले संघीय निजामती सेवा विधेयकको मस्यौदामा समावेश गरिसकेको छ । विधेयकमा प्रदेश र स्थानीय तहमा समायोजन भई जाने राष्ट्रसेवकहरुलाई संघीय निजामती सेवामा वृत्ति विकासका अवसरहरु संघमा समायोजन भएका कर्मचारीहरु सरह समान रुपमा उपलब्ध हुने व्यवस्था गरिएको छ । प्रदेश वा स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुलाई अन्तरसेवा प्रतिस्पर्धाको थप व्यवस्था मार्फत संघीय निजामती सेवामा आउने बाटो खुला गरिएको हुँदा प्रदेश र स्थानीय तहमा समायोजन भई जाने राष्ट्रसेवक कर्मचारीहरु उच्च मनोवलका साथ कार्यस्थलमा गई काम गर्ने वातावरण बन्नेछ भन्ने हामीले विश्वास लिएको छौं।

## २. संगठन संरचना र दरबन्दी व्यवस्थापन

कर्मचारी समायोजन सम्बन्धी कानून बमोजिमको संगठन तथा व्यवस्थापन सर्भेक्षण समितिले संघ, प्रदेश र स्थानीय तहमा संगठन संरचना तथा दरबन्दी स्वीकृतीको लागि सिफारिस गर्दानेपालको संविधानमा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको सूचीहरुको अध्ययन,नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अध्ययन र नेपाल सरकार (मन्त्रिपरिषद) बाट स्वीकृत कार्यविस्तृतीकरणलाई मुख्य आधार मानिएको थियो । यसरी संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्दा तीन तहमा देहाय अनुसार दरबन्दी कायम भएको छ ।

| क्र.सं. | तह | स्वीकृत दरबन्दी | दरबन्दी प्रतिशत |
|---|---|---|---|
| १ | संघ | ४८४०९ | ३५ |
| २ | ७ वटै प्रदेश | २२२९७ | १६ |
| ३ | ७५३ स्थानीय तह | ६६९०८ | ४९ |
| | जम्मा | १३७६१४ | १०० |

यस बमोजिम स्वीकृत दरबन्दीलाई देहाय बमोजिम थप स्पष्ट गर्न चाहन्छौंः-

क. संघको दरबन्दीको पुष्ट्याइँ

१. संघ, प्रदेश र स्थानीय तहको कूल स्वीकृत दरबन्दी मध्ये ३५ प्रतिशत संघमा दरबन्दी कायम भएको छ ।
२. संघमा रहने श्रेणी विहिन दरबन्दी १४६४८ रहेको छ । यस्तो दरबन्दीमास्थायी रुपमा नियुक्त भएका उक्त पदका कर्मचारीहरु कामकाज गर्नेछन् र त्यस्ता कर्मचारीहरु कुनै किसिमबाट अवकाश भएमा ती पदमा स्थायी पदपूर्ति नहुने कुराको सुनिश्चितता गरिएको छ ।
३. नेपाल विविध सेवाको कम्प्युटर अपरेटर र सहायक कम्प्युटर अपरेटरको दरबन्दी १८५२ रहेको छ । यो दरबन्दीमा यस अघि स्थायी रुपमा नियुक्त भएका कर्मचारीहरु कामकाज गर्नेछन् । त्यस्ता कर्मचारीहरु कुनै किसिमबाट अवकाश भएमा ती पदमा स्थायी पदपूर्ति नहुने कुराको सुनिश्चितता गरिएको छ ।
४. संविधान बमोजिम संघमा कार्यक्षेत्र भएका न्यायपालिका र महान्यायाधिवक्ताको कार्यालयमा ८१९८ दरबन्दी स्वीकृत भएको र संविधान र सम्बन्धित कानुन बमोजिम कार्यक्षेत्र थप भएका कारण ती निकायहरुमा विगतमा भन्दा ११३४ दरबन्दी थप भएको छ ।
५. संवैधानिक निकायहरुमा कूल २५६१ दरबन्दी रहेको छ । नेपालको संविधानमा नै थप भएका ६ वटा संवैधानिक आयोग तथा महालेखापरीक्षकको कार्यक्षेत्र थप भएको कारण र प्रदेश लोक सेवा आयोग गठन नभएसम्मका लागि २ वटा कार्यालयहरुको स्तरोन्नति भएको हुँदा ३५७ दरबन्दी थप भएको छ ।
६. कतिपय विभाग, आयोजना तथा कार्यक्रमहरु दातृ निकायहरुको द्विपक्षीय र बहुपक्षीय ऋण वा अनुदान सम्झौता अनुसारका आयोजनाहरु सम्पन्न नहुन्जेलका लागि संघमा राखिएको छ । यस अघि नै सम्झौता भएका त्यस्ता आयोजनाहरु सम्पन्न भएपछि ती विभागहरु खारेज हुनेछन् ।

७. जिल्ला तथा स्थानीय तहमा कार्यक्षेत्र रहेका मालपोत तथा नापी कार्यालयहरु हाल संघमा नै राखिएको र ती निकायमा ५७७१ दरबन्दी रहेको छ । जग्गा प्रशासन सम्बन्धी महत्वपूर्ण अभिलेखलाई Digitize गर्ने काम भइरहेको र उक्त कार्य सम्पन्न भएपछि ती संरचना र दरबन्दी हस्तान्तरण हुनेछन् ।

८. संविधान अनुसार प्रत्येक प्रदेशमा प्रदेश प्रमुख रहने व्यवस्था रहे अनुरुप कार्यालयको स्थापना गरी संघ अन्तर्गत दरबन्दी कायम भएको छ । जिल्ला समन्वय समितिको कार्यविवरण पनि प्रदेश र स्थानीय तहसँग समन्वय गर्नेखालको भएकाले ती निकायका दरबन्दीलाई संघमा राखिएको छ । ती निकायहरुमा ११२७ दरबन्दी रहेका छन् ।

९. संविधान अनुसार संघ अन्तर्गत नै रहने निकायहरु मध्ये गृह मन्त्रालय मातहत रहने निकायहरुमा कूल ४३५४ दरबन्दी रहेको छ । त्यस्तै अर्थ मन्त्रालय मातहत रहने दरबन्दी ३८६८ रहेको छ भने संचार मन्त्रालय अन्तर्गत रहने हुलाक सेवाको समेत दरबन्दी ५८५६ रहेको छ।

१०. कर्मचारी समायोजन सम्बन्धी कानून बमोजिम प्रदेश प्रमुख सचिव, प्रदेश मन्त्रालयका सचिव र स्थानीय तहकाप्रमुख प्रशासकीय अधिकृतहरु संघले खटाउने व्यवस्था गरे अनुरुप ती दरबन्दी संघमा राखिएको छ । त्यस्ता दरबन्दी ८२३ रहेको छ । प्रदेश प्रमुख सचिव, प्रदेश मन्त्रालयका सचिव र स्थानीय तहकाप्रमुख प्रशासकीय अधिकृतहरु सम्बन्धी कानुन बनेपछि सोही बमोजिम भइ संघको दरबन्दीबाट घट्नेछन् ।

### ख. प्रदेशको दरबन्दीको पुष्ट्याइँ

| क्र.सं. | तह | दरबन्दी | दरबन्दी प्रतिशत |
|---|---|---|---|
| १ | अधिकृत स्तर | ६२९६ | २८ |
| २ | सहायक स्तर | ८७०२ | ३९ |
| ३ | श्रेणिविहिन | ७२९९ | ३३ |
| | जम्मा | २२२९७ | १०० |

१. संघ, प्रदेश र स्थानीय तहको कूल स्वीकृत दरबन्दी मध्ये १६ प्रतिशत प्रदेशमा दरबन्दी कायम भएको छ ।

२. डिभिजन वन कार्यालय र सब डिभिजन वन कार्यालयहरु प्रदेश स्तरमा रहेको र ती कार्यालयहरुमा श्रेणी विहिन, वन रक्षक पदको दरबन्दी ठूलो संख्यामा रहेकाले श्रेणी विहिन पदहरुको दरबन्दी बढी देखिएको छ ।

३. साविकका क्षेत्रिय अस्पताल, उपक्षेत्रीय अस्पताल, अन्चल अस्पताल तथा जिल्ला अस्पतालहरुलाई प्रदेश स्तरमा हस्तान्तरण गरिएको छ । स्वास्थ्य सेवा तर्फ ४०९८ दरबन्दी प्रदेशमा कायम भएको छ । जुन प्रदेशको कूल दरबन्दीको १८.५ प्रतिशत हुन आउँछ ।

४. संविधान बमोजिम ७७ जिल्लाको व्यवस्था भए अनुरुप साबिकका जिल्लामा २ जिल्ला थप भएकोले ती दुई जिल्लामा जिल्ला अस्पतालहरु थप गरिएको छ ।

## ग. स्थानीय तहको दरबन्दीको पुष्टयाइँ

| | वडा | पालिका | कृषि | स्वास्थ्य | जम्मा |
|---|---|---|---|---|---|
| अधिकृत | ९०६ | ७१५४ | १५५० | २१० | ९८२० |
| सहायक | १४७१८ | १०७५२ | ६१७४ | २५४४४ | ५७०८८ |
| जम्मा | १५६२४ | १७९०६ | ७७२४ | २५६५४ | ६६९०८ |

- संघ, प्रदेश र स्थानीय तहको कूल स्वीकृत दरबन्दी मध्ये ४९ प्रतिशत स्थानीय तहमा दरबन्दी कायम भएको छ ।
- स्थानीय तहको दरबन्दी व्यवस्थापन गर्दा हरेक वडामा कम्तीमा एक जना प्राविधिक र एक जना प्रशासनिक दरबन्दी कायम गरिएको छ ।
- हरेक स्थानीय तहमा कृषि र पशु सेवा तर्फको कम्तीमा १/१जना अधिकृत स्तरको दरबन्दी कायम गरिएको छ ।
- ४०१७ वटा स्वास्थ्य संस्थाहरुमार्फत स्थानीय स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गरिएको छ ।
- ३०८ वटा आयुर्वेद औषधालयहरु सम्बन्धित स्थानीय तह मातहत रहने गरी हस्तान्तरण गरिएको छ ।
- २७ प्राथमिक अस्पतालहरुलाई सम्बन्धित स्थानीय तह मातहत व्यवस्थापन गरिएको छ ।
- स्थानीय तहको कूल दरबन्दीको ३८ प्रतिशत स्वास्थ्य सेवाको दरबन्दी कायम गरिएको छ ।
- स्थानीय तहको कूल स्वीकृत दरबन्दीमा करिब ७४ प्रतिशत प्राविधिक कर्मचारीहरु रहने गरी संगठन संरचना तयार गरिएको छ ।

## ३. कर्मचारी समायोजन

**कर्मचारी समायोजनको प्रकृया सम्बन्धमा गरिएका मुख्य मुख्य कार्यहरु देहाय बमोजिम रहेका छन् ।**

१. मिति २०७५/०८/२३ मा कर्मचारी समायोजन अध्यादेश, २०७५ जारी भएको ।

२. मिति २०७५/०९/०१ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव रुपनारायण भट्टराईको संयोजकत्वमा **कर्मचारी समायोजन गुनासो व्यवस्थापन समिति**को गठन गरी गुनासो व्यवस्थापनको कार्य भइरहेको ।

३. मिति २०७५।०९/११ र १७ मा कर्मचारी समायोजन अध्यादेश, २०७५ संघीय संसद्को दुवै सदनबाट पारित भएको ।

४. मिति २०७५।०९।११ मा कर्मचारी समायोजनको आवेदनका लागि सूचना प्रकाशन गरिएको र पत्रकार सम्मेलन मार्फत सो को जानकारी गराइएको ।

५. मिति २०७५/०९/१२ को गोरखापत्र दैनिकमा कर्मचारी समायोजन सम्बन्धी सूचना प्रकाशन गरिएको ।

६. मिति २०७५।०९।११ देखि २०७५।१०।०२ सम्म कर्मचारी समायोजन प्रणाली मार्फत समायोजनको लागि अनलाइन आवेदन संकलन गरिएको ।

७. मिति २०७५।१०।०३ देखि कर्मचारी समायोजन ऐन, २०७५(तत्कालिन समयमा अध्यादेश) र कर्मचारीहरुको अनलाइन आवेदनका आधारमा संघ, प्रदेश र स्थानीय तहमा कर्मचारीहरुको समायोजन प्रकृया प्रारम्भ गरिएको ।

८. मिति २०७५।११।१५ मा सम्बन्धित सेवा सञ्चालन गर्ने मन्त्रालयका प्रतिनिधि समेत रहने गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिवहरुको संयोजकत्वमा १२ वटा समिति गठन गरी सबै सेवा, समूह, श्रेणी/तह र पदका कर्मचारीहरुको ज्येष्ठताको सूचि तयार गरिएको ।

९. मिति २०७५/१०/०३ को नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार विशिष्ठ श्रेणीका कर्मचारीहरुको समायोजन गरिएको ।

१०. मिति २०७५/१०/२१ को नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार राजपत्रांकित प्रथम श्रेणीका कर्मचारीहरुको समायोजन गरिएको ।

११. मिति २०७५/१०/२३ देखि २०७५/१२/११ सम्ममा बाँकी सम्पूर्ण कर्मचारीहरुको समायोजन गरिएको ।

१२. कर्मचारीको रोजाइ प्राथमिकताक्रम, निजहरुको सम्बन्धित पदको ज्येष्ठता र स्थायी ठेगानाका आधारमा सफ्टवेयर मार्फत गरिएको ।

१३. कर्मचारी समायोजनको अवधिभित्र ५ पटक निर्देशन समितिको बैठक बसी समायोजनको क्रममा देखा परेका समस्या समाधानका लागि विभिन्न निर्णयहरु गरिएको र उक्त निर्णयहरु अनुरुप कर्मचारी समायोजन गरिएको ।

# समायोजन भएका कर्मचारीहरुको बिवरण

| क्रसं. | सेवा | संघ | प्रदेश १ | प्रदेश २ | प्रदेश ३ | गण्डकी | प्रदेश ५ | कर्णाली | सुदुर पश्चिम | प्रदेशको जम्मा | स्थानिय तह | फाजिल | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क | **निजामती सेवा तर्फ** | | | | | | | | | | | | |
| १ | नेपाल आर्थिक योजना तथा तथ्यांक | ३३६ | ५ | १० | ३ | ७ | १० | ६ | ८ | ४९ | ११ | ४ | ४०० |
| २ | नेपाल इन्जिनियरिङ्ग | ६०४९ | २६७ | २४४ | २९२ | २०८ | २८६ | ११६ | १५८ | १५७१ | ५३७ | १२४ | ८२८१ |
| ३ | नेपाल कृषि | १५३४ | २५२ | १८७ | २८९ | १७९ | २३१ | १४१ | १३६ | १४१५ | २०३४ | २२ | ५००५ |
| ४ | नेपाल न्याय | ३४५९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३४५९ |
| ५ | नेपाल परराष्ट्र | २७६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २७६ |
| ६ | नेपाल प्रशासन | २१७०८ | ७५० | ४३८ | ९१० | ५९६ | ७०५ | ४४८ | ५०८ | ४३५५ | ५४१७ | ६९९ | ३२१७९ |
| ७ | नेपाल लेखापरीक्षण | ३५४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३५४ |
| ८ | नेपाल वन | १६५९ | ६८२ | ५१६ | ५५३ | ३४७ | ६३४ | ३७१ | ३६२ | ३४६५ | ० | ४४५ | ५५६९ |
| ९ | नेपाल विविध | १४७४ | ५१ | ६३ | ७१ | ४० | ६६ | २३ | ३४ | ३४८ | ९८८ | ४६१ | ३२७१ |
| १० | नेपाल शिक्षा | ८०२ | ३४ | २० | २८ | ३३ | २५ | २८ | २३ | १९१ | ५४५ | ३१ | १५६९ |
| ११ | नेपाल व्यवस्थापिका संसद | २३४ | १ | ४ | ८ | ३ | ११ | १ | ५ | ३३ | २ | ० | २६९ |
| | **निजामती जम्मा** | **३७८८५** | **२०४२** | **१४८२** | **२१५४** | **१४१३** | **१९६८** | **११३४** | **१२३४** | **११४२७** | **९५३४** | **१७८६** | **६०६३२** |
| ख | नेपाल स्वास्थ्य सेवा तर्फ | २०७५ | ३७३ | ३३० | ३७१ | ३३५ | ५६४ | २०० | २२१ | २३९४ | २२१७६ | ६५७ | २७३०२ |
| | **स्वास्थ्य र निजामती जम्मा** | **३९९६०** | **२४१५** | **१८१२** | **२५२५** | **१७४८** | **२५३२** | **१३३४** | **१४५५** | **१३८२१** | **३१७१०** | **२४४३** | **८७९३४** |
| ग | **अन्य सेवा तर्फ** | | | | | | | | | | | | |
| १ | साविकका गाविस/नगरपालिकाका स्थायी कर्मचारी | | | | | | | | | | १०५४० | | १०५४० |
| २ | साविकका जिल्ला विकास समितिका कर्मचारी | | | | | | | | | | १२४१ | | १२४१ |
| ३ | घरेलु तथा साना उद्योगविकास समितिका कर्मचारी | | | | | | | | | | २५६ | | २५६ |
| ४ | दुर्गम क्षेत्र विकास समितिका स्थायी कर्मचारी | | | | | | | | | | ६० | | ६० |
| | **अन्य सेवा जम्मा** | | | | | | | | | | **१२०९७** | | **१२०९७** |
| | **कुल जम्मा** | ३९९६० | २४१५ | १८१२ | २५२५ | १७४८ | २५३२ | १३३४ | १४५५ | १३८२१ | ४३८०७ | २४४३ | १०००३१ |

यसरी संघमा स्वीकृत भएको ४८४०९ दरबन्दीमा ३९९६० कर्मचारी समायोजन भएका छन् । प्रदेशतर्फ स्वीकृत भएको २२२९७ दरबन्दीमा १३८२१ कर्मचारी समायोजन भएका छन् । त्यसैगरी स्थानीय तहतर्फ स्वीकृत भएको ६६९०८ दरबन्दीमध्ये निजामती सेवाबाट ३१७१० कर्मचारीहरु समायोजन भएका छन् । साविकका स्थानीय तहका १०५४०, साविकका जिविसबाट १२४१ र अन्य सेवाबाट ३१६ कर्मचारी गरी जम्मा १२०९७ कर्मचारीहरु समेत स्थानीय तहमा समायोजन भएका छन् । स्थानीय सरकार सञ्चालन ऐन, दफा ८७ को व्यवस्था बमोजिम कार्यरत रहेका करिब ७६५० कर्मचारी गरी जम्मा ५१४५७ कर्मचारीहरुबाट स्थानीय तहको सेवा प्रवाहको कार्य सम्पादन हुनेछ ।

## ४. समायोजन पछिको कर्मचारी व्यवस्थापन

संघ, प्रदेश र स्थानीय तहमा हाल स्वीकृत संगठन संरचना र दरबन्दीमा कर्मचारी समायोजन भई बाँकी (रिक्त) रहेका पदहरुको विवरण अनुसार सम्बन्धित सेवा समूह र तहका पदहरुमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ मा उल्लेख भए अनुरुप प्रदेश र स्थानीय तहको सेवामा कर्मचारी समायोजन गर्दा समेत रिक्त रहेका पदहरुमा प्रदेश वा स्थानीय तहको मागको आधारमा लोकसेवा आयोग मार्फत पदपूर्ती गर्न सकिने र यसरी छनौट भएको व्यक्तिलाई प्रदेश वा स्थानीय तहले नियुक्ति दिई कर्मचारी पदपूर्ती गर्न पाउने व्यवस्थाले लामो समयदेखि कर्मचारी व्यवस्थापनमा देखिएको समस्यालाई सम्बोधन गर्न सकिने मार्ग प्रशस्त गर्नेछ ।
त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ र कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ को उपदफा (१०) बमोजिम प्रदेश र स्थानीय तहले आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आ-आफ्नो तहको संगठन संरचना र दरबन्दी कायम गर्न सक्नेछन् ।

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गरिएको समायोजनमा देखिएका गुनासाहरुको कर्मचारी समायोजन गुनासो व्यवस्थापन समिति अन्तर्गत त्यस सम्बन्धमा सुक्ष्म रुपमा अध्ययन भइरहेको छ । गुनासाहरुको प्रकृति र सम्बोधनको सम्भावनाका आधारमा समयोजन भई रिक्त रहेका पदहरुमा उक्त अध्ययन/छानविन/प्रतिवेदनका आधारमा यथासम्भव प्रदेश वा स्थानीय तहमा व्यवस्थापनगरिनेछ । अनलाइन आवेदन नगरेको वा छनौट गरेका विकल्पहरु पर्याप्त नभई स्थायी ठेगाना रहेको प्रदेश भन्दा अन्यत्रका स्थानीय तह वा प्रदेशमा समायोजन भएका कर्मचारीहरुले स्थायी ठेगाना रहेको प्रदेश वा सो भित्रका स्थानीय तहहरुमा जानको लागि निवेदन पेश गरेको भएमा दरबन्दी रिक्त रहेसम्म निश्चित मापदण्डका आधारमा त्यस सम्बन्धमा आवश्यक व्यवस्थापन गर्न सकिनेछ । संघमा समायोजन भएका तर प्रदेश वा स्थानीय तहका रिक्त पदहरुमा काम गर्न स्वेच्छाले निवेदन पेश गरेका कर्मचारीहरुको हकमा कर्मचारी समायोजन गुनासो व्यवस्थापन समितिले दिएका प्रतिवेदनका आधारमा प्रदेश वा स्थानीय तहका

रिक्त दरबन्दीमा कामकाज गर्न सक्ने व्यवस्था मिलाइने छ । प्रदेश वा स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुमध्ये विभिन्न कारणबाट अपायक परी आपसी सहमतिमा एक स्थानीय तहबाट अर्को स्थानीय तहमा र एक प्रदेशबाट अर्को प्रदेशमा गइ काम गर्नको लागि संयुक्त निवेदन दिएमा निश्चित मापदण्डका आधारमा काम गर्नसक्ने आवश्यक व्यवस्था मिलाइनेछ । कुनै कारणले समायोजनमा छुटेका कर्मचारीहरुको समेत रिक्त दरबन्दीहरुमा व्यवस्थापन गरिनेछ ।यस सम्बन्धमा मन्त्रालयले गुनासो व्यवस्थापन समिति गठन गरिसकेको हुँदा सो समितिमा २०७५ चैत्र २० गतेभित्र निवेदन दिन सकिनेछ ।

कर्मचारी समायोजन पश्चात विभिन्न कारणले सृजित गुनासोहरुलाई समायोजन ऐन बमोजिम गठित निर्देशन तथा समन्वय समितिबाट समेत यथोचित सम्बोधन हुने र नेपाल सरकारले आवश्यक व्यवस्था गर्नसक्ने अवस्था पनि विद्यमान छ । यसैगरी, कर्मचारी समायोजन ऐन, २०७५ को दफा ८ को उपदफा (४) को व्यवस्था बमोजिम कडा रोग लागेका वा गम्भीर शारीरिक अशक्तता भएको भनी नेपाल सरकारले गठन गरेको मेडिकल बोर्डले प्रमाणित गरेका कर्मचारीहरुको हकमा मेडिकल बोर्डको सिफारिस र रोगको पृष्ठभूमी समेतलाई आधार लिई मन्त्रालयको कर्मचारी कल्याण शाखाले निवेदनका साथ संलग्न कागजात विशेषज्ञ चिकित्सकबाट अध्ययन गराई सम्बन्धित व्यक्तिहरुको लागि उपचार सूविधाको उपलब्धता, पारिवारिक हेरचाहको आवश्यकता र सम्भाव्यता समेतको आधारमा तयार गरेको प्रतिवेदन यथाशिघ्र ऐनको दफा १७ बमोजिमको निर्देशन तथा समन्वय समितिमा पेश गरी टुंग्याइनेछ ।कर्मचारीको समायोजनको लागि दरबन्दी नपुग भई फाजिलमा परेका कर्मचारीहरुको हकमा सेवा सञ्चालन गर्ने निकायहरुबाट अध्ययन गरी ऐनको दफा ७ को उपदफा (३) बमोजिम प्रदेश वा स्थानीय तहमा समायोजन गरिनेछ ।

यसरी, कर्मचारी समायोजनको गुनासो सुन्ने, सो को संबोधन गर्ने तथा फाजिल कर्मचारी एवं विरामी तथा अशक्तता भएका कर्मचारीहरुको निवेदनको कारबाही समेत यसै महिनाभित्र सम्बोधन गरिने छ । कर्मचारी समायोजन ऐन अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृत दरबन्दी, ऐनको मापदण्ड र अनलाइन आवेदनको आधारमा सफ्टवेयर मार्फत प्राप्त नतिजालाई कार्यान्वयनको लागि सम्बन्धित सेवा सञ्चालन गर्ने मन्त्रालयमा पठाइसकेको छ ।

## ५. उपसंहार

एकात्मक र केन्द्रकृत रुपमा रहेको कर्मचारी प्रशासनलाई संघीय प्रणाली अनुरुप तीनै तहमा रुपान्तरण र समायोजन गर्दा केही असहजता महसुस हुनु स्वभाविकै हो । यद्यपि कर्मचारी समायोजन ऐन, २०७५ का प्रावधान, संघीय निजामती सेवा ऐन, प्रदेश तथा स्थानीय सेवाको सिद्धान्त तथा मापदण्ड सम्बन्धी संघीय कानूनको प्रस्तावित व्यवस्थाले यस विषयलाई क्रमशः सहज बनाउँदै लैजानेछ भन्ने विश्वास लिएका छौं ।

अन्त्यमा, संघीयता कार्यान्वयनको क्रममा कर्मचारी समायोजन अत्यन्त जटिल कार्य हुँदाहुँदै पनि सबैको समन्वय र सहयोगमा यो कार्य सहज रुपमा सम्पन्न भएको छ । यस कार्यमा सहयोग गर्ने नेपाल सरकारका निकायहरु, प्रदेश सरकार र स्थानीय सरकार, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु र संचार जगत लगायत सबैलाई धन्यवाद दिँदै आगामी दिनमा पनि निरन्तर सहयोगको अपेक्षा गर्दछौं । धन्यवाद!

केदार प्रसाद पनेरु

सह-सचिव

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय